# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

*इ.प्रा.परिपत्र संख्याः-* ४२२ *मिति :-* २०६३/१२/११

**नेपाल राष्ट्र बैंक**
**बैकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालय ।**

बिषयः **भारतीय रुपैयाँ खरिद गर्ने इजाजत व्यक्तिलाई पनि प्रदान गर्ने बारे ।**

महाशय,

भारतीय रुपैयाँको खरिद र विक्री कारोवारलाई अझ सहज बनाउने उद्देश्यले यस्तो कारोवार गर्न इजाजतपत्र दिने प्रचलित व्यबस्थाको अतिरिक्त तल उल्लेखित शर्तहरूको आधारमा व्यक्तिलाई पनि भारतीय रुपैयाँ खरिद गर्न पाउने इजाजत दिने व्यबस्था गरिएको हुँदा सोही बमोजिम गर्नु र गराउनु हुन यो परिपत्र जारी गरिएको छ ।

१. इजाजतपत्रको लागि निवेदन दिनु पर्ने :

(क) इजाजत लिन चाहने व्यक्तिले निवेदन दिनुपर्नेछ । यस्तो निवेदन काठमाण्डौ उपत्यकाको हकमा विदेशी विनिमय व्यबस्थापन बिभागमा र अन्य स्थानहरूको हकमा आफुलाई पायक पर्ने नजिकको यस बैंकको कार्यालयमा दिनुपर्नेछ ।

(ख) निवेदन साथ निवेदकको नेपाली नागरिकताको प्रमाण पत्र, शैक्षिक योग्यता खुल्ने प्रमाणपत्रको प्रतिलिपि र ना.नो.आ.हि.फुटकरमा रु. १००।- (रुपैया एकसय) जम्मा गरेको भौचरको सक्कल प्रति संलग्न हुनुपर्नेछ ।

२. प्राप्त निवेदनहरू मध्येवाट बैंकले उपयुक्त देखेका निवेदकहरूलाई निम्न उल्लेखित शर्तनामाहरूको अधिनमा रहने गरी बढीमा एक वर्षको लागि इजाजत प्रदान गरिनेछ । यस्तो इजाजतपत्र प्रचलित व्यबस्था अनुसार नबिरकण गर्न सकिनेछ । यसरी इजाजतप्राप्त गरेका व्यक्तिहरूले निम्न लिखित सर्तनामाहरू अन्तर्गत रही कारोवार गर्नुपर्नेछ ।

(क) इजाजतप्राप्त व्यक्तिले सर्वसाधारणवाट भारतीय रुपैँया खरिद मात्र गर्न पाइनेछ ।

(ख) यसरी खरिद गरेको भारतीय रुपैँया (कम्तीमा १ लाख र रु. १० हजारले भाग जाने सो भन्दा बढी रकम) आफूलाई पायक पर्ने नेपाल राष्ट्र बैंकका कार्यालयहरूमा वा यस बैंकको भा.रु. कोष रहेका बैंकका शाखाहरूमा जम्मा गर्नुपर्नेछ । प्रचलित खरिद दरले हुन आउने रकम सम्बन्धित व्यक्तिलाई तत्कालै उपलव्ध गराइनेछ ।

(ग) यसरी सटही गर्न ल्याएको रकमको आधारमा इजाजतपत्र पाएका अन्य निकायहरूलाई यस बैंकले प्रदान गर्दै आएको (प्रति भा.रु. १०० मा $७\frac{१}{२}$ पैसाका दरले) इ.प्रा. कमिशन प्रत्येक महिनाको अन्त्यमा एकमुष्ट प्रदान गरिनेछ ।

(घ) भारतीय रुपैंया खरिद गर्न आवश्यक नेपाली रुपैंयाको व्यबस्था तथा सटहीको लागि बैंकसम्म लैजाने व्यबस्था व्यक्ति स्वयंले नै गर्नुपर्नेछ ।

(ङ) उपरोक्त शर्तहरू र विदेशी विनिमय नियमित गर्ने ऐनको उलंघन हुने गरी कुनै किसिमको कारोवार गरेको पाइएमा जुनसुकै बखत पनि इजाजतपत्र रद्द गर्न सकिनेछ ।

भबदीय,

(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक